# श्री सं.प्र.से.प.ज्युबाट सि.सं.११ कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोहमा दिनू हूने सम्बोधन

(मिति २०६१।२।१ गते)

उपस्थित रथीवृन्द
रक्षा सचिव तथा परराष्ट्र सचिवज्युहरु
नेपाल प्रहरी तथा सशस्त्र प्रहरी बलका महानिरीक्षकहरु, राष्ट्रिय अनूसन्धान विभागका प्रमूख,
वरिष्ठ प्राध्यापक वर्ग, पत्रकार मित्रहरू, सेनानी समुह, शिक्षार्थी अधिकृतहरु, भद्र महिला तथा सज्जनवृन्द ।

१. सर्वप्रथम म राष्ट्र र जनताको सूरक्षा एवं स्वाभिमानका लागि कर्तव्य पालनाको सिलसिलामा अदम्य साहस तथा बहादूरी प्रदर्शन गर्दै वीरगति प्राप्त गर्ने सहकर्मी योद्धाहरू प्रति उच्च सम्मान सहित मेरो व्यक्तिगत तथा शाही नेपाली सेनाको तर्फबाट हार्दिक श्रद्धान्जलि व्यक्त गर्दै दिवंगत आत्माहरूको चिर शान्तिको लागि श्री परमेश्वरसंग प्रार्थना गर्दछू ।

२. शाही नेपाली सेनाको शीर्षस्थ शिक्षण संस्था श्री शाही नेपाली सैनिक कमाण्ड तथा स्टाफ कलेजमा सञ्चालित सि.सं.११ कमाण्ड तथा स्टाफ तालिमको दीक्षान्त समारोहलाई सम्बोधन गर्न पाउँदा मलाई हर्षको अनूभुति भइरहेको छ । यस सूखद अवसरमा करिव ९ महिना लामो अवधिसम्म अथक परिश्रम गरी सफलतापुर्वक तालिम सम्पन्न गर्नू हूने सम्पुर्ण शिक्षार्थी अधिकृतहरू तथा वहाँहरूलाई यस अवधिभर निरन्तर सहयोग र प्रोत्साहन गर्ने वहाँका परिवारहरू समेतलाई हार्दिक बधाई ज्ञापन गर्दछू ।

३. परमाधिपति अतिरथी परम सेनाधिपति श्री ५ महाराजाधिराज सरकारको वरद छत्रछायाँमा प्रतिपालित शाही नेपाली सेनाको संस्थागत विकासको एक कोशेढूंगा (Milestone) को भुमिका निर्वाह गर्दै आएको यस कलेजले विगत एक दशकदेखि शाही नेपाली सेनाका विभिन्न कमाण्ड तथा स्टाफ नियूक्तिहरूका लागि अधिकृतहरूलाई सूयोग्य र दक्ष तूल्याउने महत्वपुर्ण जिम्मेवारी उल्लेखनीय ढंगले निर्वाह गर्दै आएको छ । समसामयिक राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सूरक्षा वातावरण र त्यसबाट उत्पन्न चूनौतीहरूको सामना गर्ने क्रममा मध्यम तहको नेतृत्व सम्हाल्ने अधिकृतहरूलाई प्रशिक्षित गर्ने यस कलेजको महत्व र सान्दर्भिकता अझै बृद्धि भएको मैले महसूस गरेको छू ।

४. राष्ट्रिय सूरक्षा तथा राष्ट्रिय हित अभिबृद्धिको संवेदनशील विषयमा सूरक्षा फौज लगायत महत्वपुर्ण निजामति पक्ष बीच साझा दृष्टिकोण हूनूको साथै आपसी कार्यशैली एवं क्षमताहरूको बारेमा ज्ञान र पारस्परिक समझदारी कायम हूनू अपरिहार्य छ । Unity of Effort र Integration of resources अत्यन्तै महत्वपुर्ण रहेको वर्तमान परिस्थितिमा यस्तो Interagency Cooperation र Understanding लाई झन् अभिबृद्धि गर्दै लैजानू पर्ने देखिन्छ । यसै उद्देश्य अनूरुप यस पटकको तालिममा पहिलो पल्ट नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका अधिकृतहरूलाई पनि सरिक गराइएको हो । यसै क्रममा भविष्यमा निजामति तर्फका एवं मित्रराष्ट्रहरूका सैनिक अधिकृतहरूलाई पनि यो तालिममा समावेश गर्दै लैजाने योजना रहेको जानकारी गराउन चाहन्छू ।

५. सुचना र प्रविधिको क्षेत्रमा भएको उल्लेखनीय विकासबाट राष्ट्रिय सीमानाहरू क्रमश: लचिलो हूंदै सम्पुर्ण विश्व नै एक विश्व ग्राम (Global village) को रूपमा परिवर्तित हूंदै गइरहेको वर्तमान परिप्रेक्ष्यमा राष्ट्रहरूले यसको सकारात्मक प्रतिफल

भोग्नूको साथै Transnational terrorism, आम विनाशकारी हतियारहरूको Proliferation तथा जातिय एवं धार्मिक अतिवाद, उग्रवादी र आतंकवादी संगठनहरू बीचको साँठगाँठ जस्ता जटिल तथा नकारात्मक प्रवृत्तिहरूको पनि सामना गर्नू परिरहेको छ । यस अर्थमा राष्ट्रिय सूरक्षालाई क्षेत्रिय एवं अन्तर्राष्ट्रिय सन्दर्भमा अध्ययन विश्लेषण गर्दै सही राष्ट्रिय सूरक्षा नीतिको तर्जुमा गर्न सक्ने जनशक्ति उत्पादन गर्नको लागि एक उच्चस्तरीय प्रतिष्ठानको आवश्यकता महसूस भए अनूसार National Defence College को स्थापना गर्ने तर्फ संभाव्यता अध्ययन भइरहेको जानकारी दिन चाहन्छु।

६. यो तालिमको समाप्तीसंगै यहाँहरूको सैनिक जीवनको एक नयाँ अध्याय शूरु हून गइरहेको छ । तपाईहरू अव राष्ट्रका विभिन्न क्षेत्रमा आतंकवाद विरुद्धको अभियानमा परिचालित यूनिटहरूको नेतृत्व एवं स्टाफ नियूक्तिहरूमा कार्यरत रहन जानू हूनेछ । आफ्नो सैद्धान्तिक ज्ञान तथा अनूभवहरूको उच्चतम सदूपयोग गर्दै एउटा योग्य र सक्षम Leader को रूपमा आफुलाई प्रमाणित गर्नू पर्ने प्रमूख चूनौती तपाईहरू सामू रहेको छ । फिल्डमा गएर आफ्नो दक्षता प्रदर्शन गर्ने र देशको लागि केहि गर्ने अवसरको सदूपयोग गर्न तपाईहरु मानसिक रुपले तत्पर रहेको देख्न पाउंदा मलाई सन्तोषको अनूभुति भइरहेको छ ।

७. हाम्रो राष्ट्रिय परिप्रेक्ष्यमा माओवादी समस्याको वहूआयामिक स्वरूप तथा राष्ट्रको भौगोलिक जटिलताको कारणले गर्दा राष्ट्रिय स्वार्थको रक्षा गर्न र जनतामा सूरक्षाको प्रत्याभुति दिलाउन शाही नेपाली सेना लगायत सूरक्षा फौजको आधूनिकीकरण र विस्तार (Modernization and expansion) आजको आवश्यकता र अपरिहार्यता बन्न पूगेको छ । त्यसैगरी सूरक्षा फौजहरू तथा श्री ५ को सरकारका सम्बद्ध निकायहरू बीच नीतिगत एवं कार्यगत एकता हूनू समस्याको समाधानको लागि अत्यन्तै महत्वपुर्ण रहेकोले Civil Military National Campaign Plan अन्तर्गत Unified Command को अवधारणा कार्यान्वयन भइरहेको छ । क्रमिक रूपमा यसको सकारात्मक प्रभावहरू देखा परिरहेको तथ्यलाई हामी सबैले बृहत्तर राष्ट्रियहितसंग जोडेर मनन् गर्नू उपयूक्त देखिन्छ ।

८. आतंकवाद विरुद्धको हाम्रो अभियान रहर नभै बाध्यताको उपज हो भन्ने तथ्य सबैका सामू स्पष्ट छ । शाही नेपाली सेनाले दाङ लगायत अधिराज्यका विभिन्न स्थानहरूमा आफु विरुद्ध माओवादी आक्रमण भएपश्चात संवैधानिक र कानूनी प्रक्रिया अनूरुप नै आतंककारी गतिविधिमा संलग्न व्यक्तिहरुलाई निशस्त्र तूल्याई राष्ट्रिय मूलधारमा ल्याउन श्री ५ को सरकारले सूम्पेको Mandate बमोजिम सूरक्षात्मक कारवाहीको नेतृत्व सम्हाल्दै अघि बढ्नू परेको हो । तसर्थ आतंककारी गतिविधिमा संलग्न व्यक्तिहरु पनि नेपाली नागरिक नै भएको यथार्थलाई मनन गर्दै शान्ति स्थापनाको अभियानमा परिचालित शाही नेपाली सेना मूलूकको संवैधानिक प्रक्रिया अन्तर्गत प्रतिवद्धतापुर्वक जिम्मेवारी निर्वाहमा संलग्न छ र रहिरहने छ ।

९. सत्य, न्याय र कानूनी प्रावधानहरुको पक्षमा सशक्त ढंगले उभिएको कारणले गर्दा नै हामीले शान्ति र न्यायका पक्षधर नेपाली जनताहरुको ठुलो सहयोग एवं समर्थन प्राप्त गरेका हौं । हाम्रो प्रयासमा आ-आफ्नो क्षेत्रबाट सहयोग पूऱ्याउने निजामति कर्मचारीहरू, स्थानीय निकायका अधिकारीहरू, मानव अधिकारवादी समूह, मीडीया, गैर सरकारी संस्थाहरू तथा नेपाल प्रहरी, सशस्त्र प्रहरीबल र राष्ट्रिय अनूसन्धान विभागका सहकर्मीहरू प्रति धन्यवाद व्यक्त गर्दै के स्पष्ट पार्न चाहन्छु भने हाम्रा अधिकृत तथा जवानहरूले दिएको प्राणको आहूति, उनीहरूको परिवारले सहनू परेको पीडा तथा तिनका सन्तानले वरण गर्नू परेको अनाथपन, सबै मूलूकको दीगो शान्ति एवं नेपाली जनताका संविधानप्रदत्त प्रजातान्त्रिक र मौलिक हक अधिकारहरूको सूरक्षाका लागि हो ।

१०. नेपालको राजसंस्था शाही नेपाली सेनाको संस्थापक र संरक्षक हूनूको साथै नेपालको राष्ट्रियता र नेपाली जनताको एकताको निर्विकल्प प्रतीक एवं समृद्ध र स्वाभिमानपुर्ण नेपालको अपरिहार्यता हो । इतिहास, भुगोल, नेपाली जनता र विविधता भित्र रहेका आपसी एकता, धर्म, संस्कृति र मौलिक नेपालीपनको जीवन्त प्रतीक राजमूकूट – सबै एकैविन्दूमा समिश्रित र समाहित भई सिर्जना भएको एक समष्टिगत अस्तित्व नै नेपालको राष्ट्रियता हो भन्ने तथ्य हाम्रा पूर्खा र समयले प्राकृतिक रूपमा स्थापित गरेको हो । यस प्रति नेपालीको हृदयमा यूगौंयूगदेखि जीवित रहेको श्रद्धा, आस्था, विश्वास, भक्तिभाव र भरोसा नै हाम्रो राष्ट्रियताको मुल आधार हो । हाम्रो अस्तित्वको प्रतीकको रूपमा रहेको यही आधार लगायत राष्ट्रिय अभिरुचीका महत्वपुर्ण तत्वहरू (Elements of National Interest) को बचाउका लागि सबै देशभक्त नेपालीहरु एकताबद्ध हूनू जरुरी छ ।

११. शिक्षार्थी अधिकृतहरू! तपाईंहरूको कमाण्ड तथा स्टाफ तालिमको परीक्षा यहाँ त सकियो तर त्यसको सही परीक्षा फिल्डमा हूने छ । अब तपाईंले फिल्डमा ठोस रूपमा के कार्य गर्नू भयो, उक्त कार्यले के नतिजा देखायो र संगठनको लक्ष्य प्राप्तीमा त्यसको कस्तो योगदान रह्यो भन्ने कूराले मात्र तपाईंको ज्ञानको स्तर र बूद्धि तथा विवेकको व्यवहारिक गहिराइको प्रदर्शन गर्दै तपाईंको खास क्षमता प्रमाणित गर्नेछ । यसैक्रममा शाही नेपाली सेनाको संस्थागत मुल्य र मान्यता (Institutional Values), ऐतिहासिक परम्परा (Historical lineage) तथा अन्तर्राष्ट्रिय मान्यताहरूमा आधारित केही कूराहरूको बारेमा म यहाँ उल्लेख गर्नू सान्दर्भिक ठान्दछु । यिनले तपाईहरूलाई आफ्नो कार्य सम्पादनमा नैतिक बल प्रदान गर्ने र शाही नेपाली सेनाको छवी उच्च राख्नमा मद्दत पूऱ्याउँदै मूलूकमा शान्ति स्थापना गर्ने हाम्रो अभियानमा हामीलाई सफलताको विन्दूमा सहज ढंगले पूऱ्याउने छन् भन्ने कूरामा म विश्वस्त छू ।

(क) नेपाली जनताको आकांक्षा र चाहना प्रतिविम्वित भएको नेपाल अधिराज्यको संविधान २०४७ र यसले निर्दिष्ट गरेका व्यवस्थाहरू प्रति हामी सदैव बफादार रहने छौं।

(ख) हाम्रो लक्ष देशमा जारी रहेको आतंकवादलाई परास्त गर्दै नेपाली जनतालाई शान्ति र सूरक्षाको प्रत्याभुति दिनू हो र यो कार्य सम्पन्न गर्न हामी कटिवद्ध रहिरहने छौं ।

(ग) नेपाली जनताको सूसुचित हूने हकको संरक्षण गर्ने शाही नेपाली सेनाको प्रतिबद्धतालाई कार्यान्वयन गर्न मिडियासंग रचनात्मक एवं समय सापेक्ष सहयोगी सम्बन्धको विकास गर्ने कार्यलाई प्राथमिकताका साथ अघि बढाइने छ ।

(घ) शाही नेपाली सेना एवं समग्र सूरक्षा फौजहरू अन्तर्राष्ट्रिय मानवीय कानूनको पालना तथा मानव अधिकारको संरक्षणका लागि प्रतिबद्ध रही निर्दोष व्यक्तिहरूको जनधन क्षति हूनबाट जोगाउने तर्फ संवेदनशील रहनेछौं ।

(ङ) आ–आफ्नो क्षेत्रमा जनताको केन्द्रीयता एवं सर्वोच्चताको पुर्ण सम्मान गर्दै स्थानीय प्रशासन र गैर सरकारी संस्थासंग समन्वय राखी जनहितकारी कार्यक्रममा सदैव सक्रिय सहयोग प्रदान गर्नेछौं ।

१२. अन्त्यमा, तपाईहरूको सफल तथा उज्ज्वल भविष्यको कामना गर्दै यस तालिमको उद्देश्य प्राप्तीमा सहयोग पूऱ्याउनू हूने विभिन्न मन्त्रालय, विभाग, नेपाल प्रशासनिक

प्रशिक्षण प्रतिष्ठान र आफ्नो अमुल्य समय दिइ अध्यापन कार्यमा विशिष्ट योगदान दिनू हूने वरिष्ठ प्राध्यापक वर्ग, पत्रकार बन्धूहरू, एवं विद्वत वर्ग तथा आमन्त्रित सबै अतिथिहरूलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छू । साथै यो तालिम सफलतापुर्वक सम्पन्न गराउन योगदान दिनू हूने बलाधिकृत, सैनिक विनय निर्देशक, कलेज कमाण्डान्ट, शिक्षक वर्ग, अधिकृत, पदिक तथा अन्यदर्जाहरूलाई समेत हार्दिक धन्यवाद दिंदै सफलतापुर्वक तालिम सम्पन्न गर्नूहूने अधिकृतहरूलाई पून: एकपटक हार्दिक बधाई ज्ञापन गर्न चाहन्छू, धन्यवाद ।

१३. जय देश, जय नरेश ।